नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७७-०४-२० गते बिहान ०७ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कन्काई, कोशी, कमला, बागमती, नारायणी, पश्चिम राप्ती, बबई, कर्णाली, महाकाली नदीमा बहाव स्थिर अवस्थामा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ।

## बाढी पूर्वानुमान (Flood Forecast)

**पूर्वानुमान आज : श्रावण-२० (मंगलबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- आज कोशी,नारायणी,कर्णाली,महाकाली र यसका सहायक नदीमा बहाव केहि घट्दो हुने तथा सतर्कता भन्दा तलै हुने।
- आज कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा सामान्य घटबढ हुने र सतर्कता तह भन्दा तलै हुने। आज कन्काई, कमला, पश्चिम राप्ती, बबईका केहि स-साना नदीमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- आज ईलाम, झापा, खोटाङ, भोजपुर, सङ्खुवासभा,ओखलढुङ्गा, महोतरी, सर्लाही, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा,रामेछाप, नुवाकोट,काठमाण्डौ उपत्यका, रसुवा, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङ्जा, कास्की, म्याग्दी, कपिलवस्तु, रुकुम, सल्यान, जाजरकोट, कालिकोट, सुर्खेत, बर्दिया, डडेलधुरा, बैतडी र आसपास भई बहने साना नदीमा बहाव केही बढ्ने तर सतर्कता तलै हुने पूर्वानुमान रहेको छ।

**पूर्वानुमान भोलि: श्रावण-२१ (बुधबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- भोली कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव केहि घट्ने तथा सतर्कता तह भन्दा तलै हुने।
- भोलि कन्काईमा बहाव केहि बढ्ने, कमला,बागमती,पश्चिम राप्ती, बबईमा केहि घटबढ हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- भोलि प्रदेश १, गण्डकी प्रदेश, प्रदेश ५ र कर्णाली प्रदेशको मध्यपहाडी, चुरे र तराईबाट बहने केहि स-साना नदीमा बहाव बढ्ने तर सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ।

**पूर्वानुमान पर्सी : श्रावण-२२ (बिहीबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- पर्सी कोशी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव केहि घटबढ हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने। नारायणीका केही सहायक नदीमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- पर्सी कन्काई, कमला,बागमती,पश्चिम राप्ती,बबई र यसका सहायक नदीमा बहाव केहि बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।
- पर्सी प्रदेश १, बागमती, गण्डकी प्रदेश, प्रदेश ५ र सुदूरपश्चिम प्रदेश को मध्यपहाडी, चुरे र तराई भई बहने साना नदीमा बहाव केहि बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।

## सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन कोशी, नारायणी,कर्णाली,महाकाली र यसका सहायक नदीमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान रहेकाले नदीतटिय क्षेत्रका कृयाकलाप सामान्य सतर्कता साथ गर्न सकिनेछ।
- आगामी ३ दिन कन्काई, कमला, बागमती, बबई, पश्चिम राप्तीमा पनि बहाव सतर्कता तलै हुने पूर्वानुमान रहेपनि आज कन्काई, कमला, पश्चिम राप्ती, बबईका केहि साना सहायक नदीमा बहाव बढ्न सक्ने रहेकाले तटिय क्षेत्रका कृयाकलाप सामान्य सतर्कता साथ गरौ।
- आज ईलाम, झापा, खोटाङ, भोजपुर, सङ्खुवासभा,ओखलढुङ्गा, महोतरी, सर्लाही, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा,रामेछाप, नुवाकोट,काठमाण्डौ उपत्यका, रसुवा, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङ्जा, कास्की, म्याग्दी, कपिलवस्तु, रुकुम, सल्यान, जाजरकोट, कालिकोट, सुर्खेत, बर्दिया, डडेलधुरा, बैतडी र आसपास भई बहने साना नदीमा बहाव बढ्ने,बहाव सतर्कता तलै हुने पूर्वानुमान रहेपनि साना नदीतटिय क्षेत्रमा सामान्य सतर्कता अपनाईराखौ।

(*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं। विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं।

नोट: **पहेलो** रङले **मध्यम जोखिम** रहेको संकेत गर्छ। **रातो** रङले **उच्च जोखिमको** संकेत गर्छ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
**जल तथा मौसम विज्ञान विभाग**
**बाढी पूर्वानुमान महाशाखा**

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) *MFD Rainfall Forecast*

जल तथा मौसम विज्ञान विभाग

**मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)**

(जारी मितिः २०७७-०४-२०, बिहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**

मनसुनी न्युन चापीय रेखा हाल नेपाल भन्दा दक्षिण तर्फ अवस्थित छ ।

**हालको मौसमको अवस्था (Present Weather Status):**

देशको पहाडी भू-भागमा आंशिक बदली र बाँकि भू-भागमा सामान्यतया सफा रहेको छ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

<u>साउन २० गते (मंगलबार)</u>

दिउँसोः देशभर आंशिक बदली रहेता पनि अपरान्ह पछि सामान्य बदली रही प्रदेश नं. १, प्रदेश नं. २ र बागमती प्रदेशको केही स्थानहरुमा तथा बाँकी प्रदेशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

राती :देशभर सामान्य बदली रही सुदुर-पश्चिम प्रदेश, कर्णाली प्रदेश, प्रदेश नं ५ र गण्डकी प्रदेशका धेरै स्थानहरु तथा बाँकी प्रदेशको केहि स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २ र बागमती प्रदेशका धेरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

<u>साउन २१ गते (बुधबार)</u>

दिउँसोः देशभर आंशिक देखि सामान्य बदली रही केही स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, बागमती प्रदेश र सुदुरपश्चिम प्रदेशका एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ।

राती : देशका अधिकांश भू-भागमा सामान्य बदली रही प्रदेश नं १ प्रदेश नं २ र बागमती प्रदेशका केही स्थानहरु तथा बाँकी प्रदेशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २ र गण्डकी प्रदेश र सुदुरपश्चिम प्रदेशका एक वा दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना रहेको छ ।

<u>साउन २२ गते (बिहिबार)</u>

दिउँसोः देशभर सामान्य बदली रही प्रदेश नं. १, प्रदेश नं. २ र बागमती प्रदेशको केही स्थानहरुमा तथा बाँकी प्रदेशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, बागमती, गण्डकी प्रदेश प्रदेश र प्रदेश ५ का एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ।

राती : देशभर आंशिक देखि सामान्य बदली रही धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।


<u>आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):</u>

सुदुर-पश्चिम प्रदेश, कर्णाली प्रदेश, प्रदेश नं ५ र गण्डकी प्रदेशका धेरै स्थानहरु तथा बाँकी प्रदेशको केहि स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश १, प्रदेश २ र बागमती प्रदेशका धेरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना समेत हुनसक्ने देखिएकोले उक्त स्थानहरुमा आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*

   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*

   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*




*२४ घण्टाको बर्षाको पूर्वानुमान (६-६ बजे)*

*12) Other Global Flood Forecasts*

*13) Satellite Cloud Picture*

*14) Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।